**२०७५ साल बैसाख ४ गते मंगलबारका दिन बसेको मन्त्रिपरिषद्को बैठकबाट देहायका मन्त्रालयबाट प्राप्त प्रस्तावका सम्बन्धमा गरेका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन :**

१. आन्तरिक मामिला तथा कानून मन्त्रालय: प्रदेशस्तरका केहि सार्वजनिक लिखत प्रमाणिकरण (कार्यविधि) को सम्बन्धमा ब्यवस्था गर्न बनेको विधेयक, २०७५ तर्जुमा गर्न सैद्धान्तिक स्वीकृति दिने ।
२. आन्तरिक मामिला तथा कानून मन्त्रालयः प्रदेश सभाका पदाधिकारी तथा सदस्यहरूको पारिश्रमिक र सुविधा सम्बन्धी ब्यवस्था गर्न बनेको विधेयक, २०७५ तर्जुमा गर्न सैद्धान्तिक स्वीकृति दिने ।
३. आन्तरिक मामिला तथा कानून मन्त्रालयः कर्णाली प्रदेश गाँउ सभा र नगर सभाको कानून निर्माण प्रक्रिया सम्बन्धमा ब्यवस्था गर्न बनेको विधेयक, २०७५ तर्जुमा गर्न सैद्धान्तिक स्वीकृति दिने ।
४. आर्थिक मामिला तथा योजना मन्त्रालयः कर्णाली प्रदेश संचित कोष (सञ्चालन कार्यविधि) नियमावली, २०७५ स्वीकृत गर्ने ।
५. आर्थिक मामिला तथा योजना मन्त्रालयः कर्णाली प्रदेश आकस्मिक कोष सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ को मस्यौदा प्रदेश सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने ।

*द्रष्टव्यः निर्णयसँग सम्बन्धित अन्य थप विवरणहरू आवश्यक परेमा सम्बन्धित मन्त्रालयबाटै उपलव्ध हुनेछ ।*

**२०७५ साल बैसाख ८ गते शनिबारका दिन बसेको मन्त्रिपरिषद्को बैठकबाट देहायका मन्त्रालयबाट प्राप्त प्रस्तावका सम्बन्धमा गरेका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन :**

१. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः कर्णाली प्रदेश सरकारको चालु आ.व. को तेस्रो चौमासिक अवधिको नीति तथा कार्यक्रम स्वीकृत गरी प्रदेश सभामा पेश गर्ने ।
२. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः कर्णाली प्रदेश मुख्यमन्त्री सहायता कोष नियमावली, २०७५ को मस्यौदा तर्जुमा गर्न सैद्धान्तिक सहमति प्रदान गर्ने ।
३. भौतिक पूर्वाधार विकास मन्त्रालयः जलस्रोत उपयोग विधेयक, २०७५ को मस्यौदा तर्जुमा गर्ने सैद्धान्तिक सहमति दिने ।
४. भौतिक पूर्वाधार विकास मन्त्रालयः प्रदेश सडक बोर्ड विधेयक, २०७५ को मस्यौदा तर्जुमा गर्ने सैद्धान्तिक सहमति दिने ।

*द्रष्टव्यः निर्णयसँग सम्बन्धित अन्य थप विवरणहरू आवश्यक परेमा सम्बन्धित मन्त्रालयबाटै उपलव्ध हुनेछ ।*

**२०७५ साल बैसाख १३ गते बिहिबारका  दिन बसेको मन्त्रिपरिषद्को बैठकबाट देहायका मन्त्रालयबाट प्राप्त प्रस्तावका सम्बन्धमा गरेका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन :**

१. आन्तरिक मामिला तथा कानून मन्त्रालयः प्रदेशस्तरका केही सार्वजनिक लिखत प्रमाणीकरण (कार्यविधि) सम्बन्धी विधेयक, २०७५ को मस्यौदा स्वीकृत गरि प्रदेश सभामा पेश गर्ने सहमति दिने।

२. आन्तरिक मामिला  तथा कानून मन्त्रालयः कर्णाली प्रदेशका गाँउ सभा र नगर सभाको कानून निर्माण प्रक्रिया सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ को मस्यौदा स्वीकृत गरि प्रदेश सभामा पेश गर्न सहमति दिने ।

३. आर्थिक मामिला तथा योजना मन्त्रालयः आ.व. २०७४/७५ को सेवा र कार्यहरूको लागि प्रदेश सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विनियोजन विधेयक, २०७५ को मस्यौदा प्रदेश सभामा पेश गर्न स्वीकृत  प्रदान गर्ने ।

*द्रष्टव्यः निर्णयसँग सम्बन्धित अन्य थप विवरणहरू आवश्यक परेमा सम्बन्धित मन्त्रालयबाटै उपलव्ध हुनेछ ।*

**२०७५ साल बैसाख १५ गते शनिवारका  दिन बसेको मन्त्रिपरिषद्को बैठकबाट देहायका मन्त्रालयबाट प्राप्त प्रस्तावका सम्बन्धमा गरेका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन :**

१. आन्तरिक मामिला तथा कानून मन्त्रालयः प्रदेश सभाका पदाधिकारी तथा सदस्यहरूको पारिश्रमिक र सुविधा सम्बन्धी विधेयक, २०७५ को मस्यौदा स्वीकृत गरी प्रदेश सभामा पेश गर्न सहमति दिने ।

२. आन्तरिक मामिला तथा कानून मन्त्रालयः कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूले पाउने सुविधा सम्बन्धी बिधेयक, २०७५ तर्जुमाका लागि सैद्धान्तिक स्वीकृत प्रदान गर्ने ।

३. आन्तरिक मामिला तथा कानून मन्त्रालयः कर्णाली प्रदेश सरकारका मुख्यमन्त्री तथा मन्त्रीहरूको पारिश्रमिक तथा सुविधा सम्बन्धी विधेयक, २०७५ तर्जुमाका लागि सैद्धान्तीक स्वीकृति प्रदान गर्ने ।

४. भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयः प्रादेशिक सहकारी ऐन, २०७५ तर्जुमा गर्नका लागि सैद्धान्तिक स्वीकृति प्रदान गर्ने ।

*द्रष्टव्यः निर्णयसँग सम्बन्धित अन्य थप विवरणहरू आवश्यक परेमा सम्बन्धित मन्त्रालयबाटै उपलव्ध हुनेछ ।*

**२०७५ साल बैसाख १७ गते सोमबारका  दिन बसेको मन्त्रिपरिषद्को बैठकबाट देहायका मन्त्रालयबाट प्राप्त प्रस्तावका सम्बन्धमा गरेका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन :**

१. आन्तरिक मामिला तथा कानून मन्त्रालयः कर्णाली प्रदेश सरकारका मुख्यमन्त्री तथा मन्त्रीहरूको पारिश्रमिक तथा सुविधा सम्बन्धमा व्यबस्था गर्न बनेको विधेयक, २०७५ को मस्यौदा स्वीकृत गरी प्रदेश सभामा पेश गर्न सहमति प्रदान गर्ने ।

२. आन्तरिक मामिला तथा कानून मन्त्रालयः कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूले पाउने सुविधा सम्बन्धी विधेयक,२०७५ को मस्यौदा स्वीकृत गरी प्रदेश सभामा पेश गर्न सहमति प्रदान गर्ने ।

*द्रष्टव्यः निर्णयसँग सम्बन्धित अन्य थप विवरणहरू आवश्यक परेमा सम्बन्धित मन्त्रालयबाटै उपलव्ध हुनेछ ।*

**२०७५ साल बैसाख १८ गते मंगलबारका दिन बसेको मन्त्रिपरिषद्को बैठकबाट देहायका मन्त्रालयबाट प्राप्त प्रस्तावका सम्बन्धमा गरेका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन :**

१. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः कर्णाली प्रदेश, प्रदेश सभाको चालु प्रथम अधिवेशनको अन्त्य गर्न प्रदेश प्रमुखको सचिवालयमा लेखी पठाउने ।

*द्रष्टव्यः निर्णयसँग सम्बन्धित अन्य थप विवरणहरू आवश्यक परेमा सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछ ।*

**२०७५ साल जेठ ४ गते शुक्रवारका दिन बसेको मन्त्रिपरिषद्को बैठकबाट देहायका मन्त्रालयबाट प्राप्त प्रस्तावका सम्बन्धमा गरेका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन :**

१. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः प्रदेश सभाको दोश्रो अधिवेशन आह्वान गर्ने ।

२. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः मुख्यमन्त्री राहत सहायता कोष निर्देशिका, २०७५ लाई स्वीकृति प्रदान गर्ने ।

३. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः कर्णाली प्रदेश डोल्पा जिल्लाको ठूली भेरी नगरपालिकाको केन्द्र सार्ने नगर सभाबाट निर्णय भएपश्चात उत्पन्न विवाद सम्बन्धमा छानविन गरी सत्य तथ्य बुझि प्रतिवेदन पेश गर्न मन्त्रिपरिषद् राजनैतिक समितिले गठन गरेको कार्यदलको प्रतिवेदन समेतको आधारमा डोल्पा जिल्लाको सदरमुकाम दुनैमा ठूली भेरी नगरपालिकाको केन्द्र कायम गर्दा उपयुक्त हुने भनि मन्त्रिपरिषद् राजनैतिक समितिबाट समेत राय सुझाव पेश भएकोले कार्यदलको प्रतिवेदन सहित सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा सिफारिस गरि पठाउने ।

४. आर्थिक मामिला तथा योजना मन्त्रालयः कर्णाली प्रदेश कर तथा गैरकर ऐन, २०७५ तर्जुमा गरी कार्य प्रक्रिया अगाडी बढाउन सैद्धान्तिक स्वीकृति प्रदान गर्ने।

५. आर्थिक मामिला तथा योजना मन्त्रालयः कर्णाली प्रदेश वित्तीय हस्तान्तरण विधेयक, २०७५ तर्जुमा गरी कार्य प्रक्रिया अगाडी बढाउन सैद्धान्तिक स्वीकृति प्रदान गर्ने।

६. उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयः प्रादेशिक पर्यटन विधेयकको मस्यौदा तयार गर्ने सैद्धान्तिक स्वीकृति दिने।

७. उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयः प्रदेश उद्योग विधेयकको मस्यौदा तयार गर्ने सैद्धान्तिक स्वीकृति दिने।

८. उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयः प्रदेश वन ऐनको मस्यौदा तयार गर्ने सैद्धान्तिक स्वीकृति दिने ।

९. उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयः वातावरण संरक्षण विधेयक, २०७५ को मस्यौदा तयार गर्न सैद्धान्तिक स्वीकृति दिने ।

१०. भूमि व्यबस्था, कृषि तथा सहकारी मन्त्रालयः प्रादेशिक जग्गा प्रशासन (सञ्चालन तथा व्यबस्थापन) ऐन, २०७५ तर्जुमा गर्न सैद्धान्तिक स्वीकृति प्रदान।

११. भूमि व्यबस्था, कृषि तथा सहकारी मन्त्रालयः प्रादेशिक खाद्य सम्बन्धी ऐन, २०७५ तर्जुमा गर्न सैद्धान्तिक स्वीकृति प्रदान गर्ने ।

१२. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः विविधः "हुम्ला जिल्लाको खार्पुनाथ गाँउपालिकाको वामनखर्कमा मिति २०७५ जेठ २ गते मकालु एयरको जहाज दुर्घटनामा निधन भएका चालकहरू प्रति श्रद्धान्जलि तथा शोकाकुल परिवारजनप्रति समवेदना प्रकट गर्दै चालकहरूले कर्णाली प्रदेशमा पुरयाएको सेवाको कदर गर्न आन्तरिक मामिला तथा कानून मन्त्रालयले आवश्यक व्यवस्था गर्ने"।

*द्रष्टव्यः निर्णयसँग सम्बन्धित अन्य थप विवरणहरू आवश्यक परेमा सम्बन्धित मन्त्रालयबाटै उपलव्ध हुनेछ ।*

**२०७५ साल जेठ ६ गते आइतबारका दिन बसेको मन्त्रिपरिषद्को बैठकबाट देहायका मन्त्रालयबाट प्राप्त प्रस्तावका सम्बन्धमा गरेका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन :**

१. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः कर्णाली प्रदेशको मार्गचित्र तयार गरी मन्त्रिपरिषद् बैठकमा पेश गर्न देहाय बमोजिम समिति गठन गर्नेः

**(क) समितिः**

| | | |
|---|---|---|
| १. आन्तरिक मामिला तथा कानुन मन्त्री | - | संयोजक |
| २. सामाजिक विकास मन्त्री | - | सदस्य |
| ३. कर्णाली प्रदेशका सबै मन्त्रालयका सचिवहरू | - | सदस्य |
| ४. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव (प्रशासन) | - | सदस्य सचिव |

**(ख) समितिको कार्यविवरणः**

१. समितिले आफ्नो कार्यविधि आफै निर्धारण गर्न सक्ने,

२. समितिले आवश्यकतानुसार अन्य कर्मचारी तथा विज्ञहरूको सहयोग लिन सक्ने ।

२. आन्तरिक मामिला तथा कानून मन्त्रालयः लागु औषध नियन्त्रण सम्बन्धी विधेयक, २०७५ तर्जुमा गर्ने सैद्धान्तिक सहमति प्रदान गर्ने ।

३. आन्तरिक मामिला तथा कानून मन्त्रालयः कर्णाली प्रदेश कानून आयोग गठन सम्बन्धी विधेयक, २०७५ तर्जुमा गर्ने सैद्धान्तिक सहमति प्रदान गर्ने ।

४. आन्तरिक मामिला तथा कानून मन्त्रालयः कर्णाली प्रदेश विपद् जोखिम न्यूनिकरण तथा ब्यवस्थापन सम्बन्धी विधेयक, २०७५ तर्जुमा गर्ने सैद्धान्तिक सहमति प्रदान गर्ने ।

५. आर्थिक मामिला तथा योजना मन्त्रालयः विनियोजन विधेयक, २०७५ मा समावेश गरिने सिद्धान्त, उदेश्य, प्राथमिकता र नीतिहरू पूर्व बजेट छलफलका रूपमा प्रदेश सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने ।

६. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः विविध जिल्लामा रहेका प्राविधिक कार्यालयहरूलाई प्रदेश सरकारका विकास योजना तथा कार्यक्रम संचालन गर्न आवश्यक सहयोगको लागि नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई अनुरोध गर्ने ।

*द्रष्टव्यः निर्णयसँग सम्बन्धित अन्य थप विवरणहरू आवश्यक परेमा सम्बन्धित मन्त्रालयबाटै उपलव्ध हुनेछ ।*

**२०७५ साल जेठ १५ गते मंगलबारका दिन बसेको मन्त्रिपरिषद्को बैठकबाट देहायका मन्त्रालयबाट प्राप्त प्रस्तावका सम्बन्धमा गरेका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन :**

१. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः मुख्यमन्त्री राहत सहायता कोष निर्देशिका, २०७५ को दफा ७ (२) मा प्रथम संशोधन गर्ने ।

२. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः कैलाली लम्की निवासि श्री यम लाल रसाईली (फरक क्षमताका साईकल यात्री) लाई रु ३०,००० (अक्षेरूपी तीस हजार मात्र) राहत स्वरूप आर्थिक सहायता प्रदान गरिएकोले सो खर्च भएको रकम समर्थन गर्ने ।

३. आर्थिक मामिला तथा योजना मन्त्रालयः कर्णाली प्रदेश वित्तिय हस्तान्तरण सम्बन्धमा ब्यवस्था गर्न बनेको विधेयक, २०७५ प्रदेश सभामा पेश गर्न स्वीकृति गर्ने ।

४. आर्थिक मामिला तथा योजना मन्त्रालयः लेखा उत्तरदायी अधिकृतहरूले स्वीकृत बजेट तथा कार्यक्रम कार्यान्वयन गर्न आफु मातहतका अधिकृतहरूलाई अधिकार प्रत्यायोजन गर्ने, मन्त्रालयबाट निश्चित कार्यक्रमहरू प्रचलित कानून बमोजिम कार्यान्वयन गर्न जिम्मेवारी तोक्ने र जिम्मेवारी पाएको अधिकारीले तोकेको कार्य सम्पन्न भएपछि भुक्तानीका लागि सिफारिस गर्ने ।

***द्रष्टव्यः निर्णयसँग सम्बन्धित अन्य थप विवरणहरू आवश्यक परेमा सम्बन्धित मन्त्रालयबाटै उपलव्ध हुनेछ ।***

**२०७५ साल जेठ १९ गते शनिबारका दिन बसेको मन्त्रिपरिषद्को बैठकबाट देहायका मन्त्रालयबाट प्राप्त प्रस्तावका सम्बन्धमा गरेका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन :**

१. आन्तरिक मामिला तथा कानून मन्त्रालयः गाँउ सभा/नगर सभाको कार्यसञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ तर्जुमा गर्न सैद्धान्तिक स्वीकृति प्रदान गर्ने ।

२. आन्तरिक मामिला तथा कानून मन्त्रालयः जिल्ला सभाको कार्यसञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ तर्जुमा गर्न सैद्धान्तिक स्वीकृति प्रदान गर्ने ।

***द्रष्टव्यः निर्णयसँग सम्बन्धित अन्य थप विवरणहरू आवश्यक परेमा सम्बन्धित मन्त्रालयबाटै उपलव्ध हुनेछ ।***

**२०७५ साल जेठ २० गते आइबारका दिन बसेको मन्त्रिपरिषद्को बैठकबाट देहायका मन्त्रालयबाट प्राप्त प्रस्तावका सम्बन्धमा गरेका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन :**

१. आन्तरिक मामिला तथा कानून मन्त्रालयः गाँउ सभा र नगर सभाको कार्यसञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ प्रदेश सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने ।

२. आन्तरिक मामिला तथा कानून मन्त्रालयः जिल्ला सभाको कार्यसञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ प्रदेश सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने ।

३. आर्थिक मामिला तथा योजना मन्त्रालयः कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका, २०७५ स्वीकृत गर्ने ।

४. भौतिक पूर्वाधार विकास मन्त्रालयः प्रदेश सार्वजनिक सडकको ब्यवस्था तथा संचालन विधेयक, २०७५ को मस्यौदा तर्जुमा गर्न सैद्धान्तिक सहमति दिने ।

५. भौतिक पूर्वाधार विकास मन्त्रालयः प्रदेश बिद्युत शक्तिको विकास, उत्पादन, वितरण र ब्यवस्थापन सम्बन्धी विधेयक, २०७५ को मस्यौदा तर्जुमा गर्न सैद्धान्तिक सहमति दिने ।

६. भौतिक पूर्वाधार विकास मन्त्रालयः प्रदेश सवारी तथा यातायात ब्यवस्था सम्बन्धी विधेयक, २०७५ को मस्यौदा तर्जुमा गर्न सैद्धान्तिक सहमति दिने ।

७. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (माननीय मुख्यमन्त्रीज्यूले प्रस्तुत गर्नु भएको): कर्णाली प्रदेश मन्त्रिपरिषद्को नियमित बैठक हरेक हप्ताको शनिवारको दिन बस्ने ।

***द्रष्टव्यः निर्णयसँग सम्बन्धित अन्य थप विवरणहरू आवश्यक परेमा सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछ ।***

**२०७५ साल जेठ २३ गते बुधबारका दिन बसेको मन्त्रिपरिषद्को बैठकबाट देहायका मन्त्रालयबाट प्राप्त प्रस्तावका सम्बन्धमा गरेका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन :**

१. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः कर्णाली प्रदेश सरकारको आ.व. २०७५।०७६ को नीति तथा कार्यक्रम स्वीकृत गरी बि.सं २०७५ जेठ २५ गतेका दिन प्रदेश सभामा प्रस्तुत गर्न माननीय प्रदेश प्रमुखज्यूलाई अनुरोध गर्ने ।

***द्रष्टव्यः निर्णयसँग सम्बन्धित अन्य थप विवरणहरू आवश्यक परेमा सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछ ।***

**२०७५ साल जेठ २४ गते बिहिबारका दिन बसेको मन्त्रिपरिषद्को बैठकबाट देहायका मन्त्रालयबाट प्राप्त प्रस्तावका सम्बन्धमा गरेका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन :**

१. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः कर्णाली प्रदेश सरकारको आ.व. २०७५।०७६ को नीति तथा कार्यक्रम स्वीकृत गर्ने ।

*द्रष्टव्यः निर्णयसँग सम्बन्धित अन्य थप विवरणहरू आवश्यक परेमा सम्बन्धित मन्त्रालयबाटै उपलव्ध हुनेछ ।*

**२०७५ साल जेठ २५ गते शुक्रवारका दिन बसेको मन्त्रिपरिषद्को बैठकबाट देहायका मन्त्रालयबाट प्राप्त प्रस्तावका सम्बन्धमा गरेका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन :**

१. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः कर्णाली प्रदेश सरकारको आ.व. २०७५।०७६ को नीति तथा कार्यक्रम मिति २०७५।०२।२६ गते अपरान्ह ०१.०० बजे प्रदेश सभाको कार्यसूचीमा समावेश गरिदिनका लागि प्रदेश सभा सचिवालयलाई अनुरोध गर्ने र उक्त नीति तथा कार्यक्रम प्रदेश सभामा प्रस्तुत गरिदिनका लागि माननीय प्रदेश प्रमुखज्यूलाई अनुरोध गर्ने ।

२. आन्तरिक मामिला तथा कानून मन्त्रालयः कर्णाली प्रदेश सभाका पदाधिकारी तथा सदस्यहरु र प्रदेश मन्त्रिपरिषद्का पदाधिकारी तथा सदस्यको सेवा सुविधा सम्बन्धी प्रदेश कानून नबनेसम्मका लागि पदाधिकारी नियुक्ति भइ बहाल भएको मिति देखि लागु हुने गरी पारिश्रमिक र सुविधा उपलब्ध गराउने ।

*द्रष्टव्यः निर्णयसँग सम्बन्धित अन्य थप विवरणहरू आवश्यक परेमा सम्बन्धित मन्त्रालयबाटै उपलव्ध हुनेछ ।*

**२०७५ साल जेठ २८ गते सोमबारका दिन बसेको मन्त्रिपरिषद्को बैठकबाट देहायका मन्त्रालयबाट प्राप्त प्रस्तावका सम्बन्धमा गरेका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन :**

१. आन्तरिक मामिला तथा कानून मन्त्रालयः कर्णाली प्रदेश सुचनाको हक सम्बन्धी विधेयक, २०७५ तर्जुमा गर्नको लागि सैद्धान्तिक सहमति दिने ।

२. आन्तरिक मामिला तथा कानून मन्त्रालयः कर्णाली प्रदेश सभा सचिवालय सम्बन्धमा ब्यवस्था गर्न बनेको विधेयक, २०७५ तर्जुमा गर्नको लागि सैद्धान्तिक सहमति दिने ।

३. आर्थिक मामिला तथा योजना मन्त्रालयः कर्णाली प्रदेश कर तथा गैरकर सम्बन्धमा ब्यवस्था गर्न बनेको विधेयक, २०७५ प्रदेश सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने ।

*द्रष्टव्यः निर्णयसँग सम्बन्धित अन्य थप विवरणहरू आवश्यक परेमा सम्बन्धित मन्त्रालयबाटै उपलव्ध हुनेछ ।*

**२०७५ साल जेठ ३१ गते बिहिबारका दिन बसेको मन्त्रिपरिषद्को बैठकबाट देहायका मन्त्रालयबाट प्राप्त प्रस्तावका सम्बन्धमा गरेका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन :**

१. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः जाजरकोट जिल्लाको जुनीचाँदे गाँउपालिकाको केन्द्र परिवर्तन गरी लुहादहमा कायम गर्ने विषयको प्रस्ताव सम्बन्धमा "मन्त्रिपरिषद् राजनैतिक समितिमा छलफल गरी पेश गर्ने"।

२. उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयः कर्णाली प्रदेश वातावरण संरक्षण विधेयक, २०७५ प्रदेश सभामा पेश गर्न स्वीकृति दिने विषयको प्रस्ताव सम्बन्धमा "मन्त्रिपरिषद् प्रशासन तथा विधेयक समितिमा छलफल गरी पेश गर्ने"।

३. आन्तरिक मामिला तथा कानून मन्त्रालयः कर्णाली प्रदेश प्रहरी सम्बन्धी विधेयक, २०७५ तर्जुमा गर्नको लागि सैद्धान्तिक सहमति प्रदान गर्ने ।

४. आर्थिक मामिला तथा योजना मन्त्रालयः आ.व २०७५/७६ को विनियोजन विधेयक, २०७५ प्रदेश सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने ।

५. आर्थिक मामिला तथा योजना मन्त्रालयः कर्णाली प्रदेश आर्थिक विधेयक, २०७५ प्रदेश सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने ।

६. आर्थिक मामिला तथा योजना मन्त्रालयः कर्णाली प्रदेश ऋण उठाउने विधेयक, २०७५ प्रदेश सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने ।

***द्रष्टव्यः निर्णयसँग सम्बन्धित अन्य थप विवरणहरू आवश्यक परेमा सम्बन्धित मन्त्रालयबाटै उपलव्ध हुनेछ ।***

**२०७५ साल असार १६ गते शनिबारका दिन बसेको मन्त्रिपरिषद्को बैठकबाट देहायका मन्त्रालयबाट प्राप्त प्रस्तावका सम्बन्धमा गरेका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन :**

१. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः कर्णाली प्रदेश सरकार मन्त्रिपरिषद् सदस्यज्यूहरू (माननीय मुख्यमन्त्रीज्यू र माननीय मन्त्रीज्यूहरू) र उहाँहरूले नियुक्ति गर्नु भएका स्वकिय सचिव तथा कार्यालय सहयोगीहरूलाई नियुक्ति भएको मितिदेखि लागु हुने गरी मन्त्रिपरिषद्को मिति २०७५/०२/२५ गतेको निर्णय बमोजिम स्वीकृत मापदण्ड भित्र रहि पारिश्रमिक लगायतका सुविधा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले उपलब्ध गराउने र सम्बन्धित मन्त्रालयबाट सुविधा उपलब्ध भैसकेको भए दोहोरो नपर्ने गरी हिसाव मिलान गर्ने ।

२. पलाता गाँउपालिका वडा नं १ कालिकोट निवासी श्री प्रमानन्द न्यौपानेलाई मुख्यमन्त्री राहत सहायता कोषबाट दिइएको आर्थिक सहायता रू. ४०,०००.०० (अक्षरेपी चालिसहजार रूपिया मात्र) अनुमोदन गर्ने ।

३. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः जाजरकोट जिल्लाको जुनीचाँदे गाँउपालिकाको केन्द्र परिवर्तन गरी वडा नं ४ लुहादहमा कायम गर्ने विषयको विबाद सम्बन्धी प्रस्ताव सम्बन्धमा "मन्त्रिपरिषद् राजनैतिक समितिमा छलफल गरी पेश गर्ने"।

४. आन्तरिक मामिला तथा कानून मन्त्रालयः उच्चस्तरीय कर्णाली प्रदेश बाढी पहिरो समस्या समाधान समिति (गठन) आदेश, २०७५ तर्जुमाका लागि सैद्धान्तिक स्वीकृति प्रदान गर्ने ।

५. सामाजिक विकास मन्त्रालयः आकस्मिक स्वास्थ्य सेवा कोष (सञ्चालन) निर्देशिका, २०७५ स्वीकृत गर्ने प्रस्ताव सम्बन्धमा "थप कानूनी परामर्श गरी पेश गर्ने" ।

**कार्यसूचीमा नभएका बिषयहरू :**

६. मन्त्रिपरिषद् सदस्यहरूले कुनै पनि गैरसरकारी संस्थाको कार्यक्रममा सहभागि हुँदा कुनै पनि भत्ता भुक्तानी नलिने । साथै मन्त्रिपरिषद् सदस्यहरू र कर्णाली प्रदेशका कर्मचारीहरूले समेत कार्यालय समयमा संचालन हुने बैठक आदि कार्यक्रमको भत्ता भुक्तानी नलिने ।

७. आन्तरिक मामिला तथा कानून मन्त्रालयः (क) पूर्वमन्त्री तथा प्रदेश सभाका पूर्व संसदीय दलका नेता माननीय यामलाल कंडेलज्यूलाई बिपक्षी दलका नेता सरहको सेवा सुविधा उपलब्ध गराउने र (ख) कर्णाली प्रदेश मन्त्रिपरिषद्को मिति २०७५/०२/२५ को बैठकबाट स्वीकृत प्रदेश मन्त्रिपरिषद्का पदाधिकारी तथा सदस्यले पाउने सुविधा अन्तर्गत “एक जिल्लामा एक पटकमा दुई दिन भन्दा बढि नबस्ने ब्यवस्था गर्ने" भन्ने बाक्यको सट्टा “एक जिल्लामा एक पटकमा पाँच दिन भन्दा बढि नबस्ने ब्यवस्था गर्ने" भन्ने बाक्य राख्ने ।

८. रारा कर्णाली पर्यटन वर्ष, २०७५ को २०७५ बैशाख १ गते उदघाटनको सन्दर्भमा भएको खर्चमध्ये भुक्तानी गर्न बाँकि बिल भरपाईहरू सम्बन्धित मन्त्रालयहरूबाट प्राप्त गरी उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालयले नियमानुसार भुक्तानी गर्ने ।

९. मन्त्रिपरिषद्का सदस्यहरू (माननीय मुख्यमन्त्रीज्यू र माननीय मन्त्रीज्यूहरू) को आवासको व्यवस्थापन सम्बन्धी सम्पूर्ण कार्य भौतिक पूर्वाधार विकास मन्त्रालयले गर्ने ।

***द्रष्टव्यः निर्णयसँग सम्बन्धित अन्य थप विवरणहरू आवश्यक परेमा सम्बन्धित मन्त्रालयबाटै उपलव्ध हुनेछ ।***

**२०७५ साल असार १८ गते सोमबारका दिन बसेको मन्त्रिपरिषद्को बैठकबाट देहायका मन्त्रालयबाट प्राप्त प्रस्तावका सम्बन्धमा गरेका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन :**

१. चन्दननाथ न.पा ५ जुम्ला निवासी श्री हरि बहादुर रोकायलाई रू. एकलाख, साविक जक्तिपुर गा.वि.स -१ जाजरकोट निवासी श्री रीता आचार्यलाई रू. सत्तरीहजार, छायानाथ रारा ४ मुगु निवासी श्री मान बहादुर रावललाई रू. सत्तरीहजार र कालिमाटी गाँउपालिका-६ सल्यान निवासी श्री झक्रमान रोका मगरलाई रू. चालिसहजार मुख्यमन्त्री राहत सहायता कोषबाट आर्थिक सहायता प्रदान गर्ने ।

२. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. ४८० मिति २०७५।०३।०४ को पत्रानुसार Seminar on public Administration for Ministrial official of Nepal का लागि 5-14 sept.2018 मा peuples Republic of China मा भाग लिन सचिव श्री यज्ञराज बोहरालाई मनोनयन गर्ने ।

३. आन्तरिक मामिला तथा कानून मन्त्रालयः कर्णाली प्रदेश बाढी पहिरो समस्या समाधान समिति (गठन) आदेश, २०७५ स्वीकृत गर्ने ।

४. आन्तरिक मामिला तथा कानून मन्त्रालयः कर्णाली प्रदेश सभा सचिवालय सम्बन्धमा व्यबस्था गर्न बनेको विधेयक, २०७५ प्रदेश सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने ।

५. भूमि व्यबस्था, कृषि तथा सहकारी मन्त्रालयः कर्णाली प्रदेश सहकारी विधेयक, २०७५ प्रदेश सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने ।

***द्रष्टव्यः निर्णयसँग सम्बन्धित अन्य थप विवरणहरू आवश्यक परेमा सम्बन्धित मन्त्रालयबाटै उपलव्ध हुनेछ ।***